# चन्द्रागिरि नगरपालिका

चन्द्रागिरि नगरपालिका

# स्थानीय राजपत्र

**खण्डः ६** **संख्याः ८** **मितिः साउन २६ गते, २०८०**


## भाग–२
## चन्द्रागिरि नगरपालिका

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी चन्द्रागिरि नगरपालिकाबाट यो राजपत्र प्रकाशन गरिएको छ ।

## चन्द्रागिरि
## एकीकृत खानेपानी तथा सरसफाइ व्यवस्थापन नियमावली, २०८०

चन्द्रागिरि नगरपालिकामा खानेपानी तथा सरसफाइलाई एकरुपताका आधारमा व्यवस्थित गर्न नगरपालिका क्षेत्रभित्रको पानीको स्रोतलाई व्यवस्थित गर्दै नगरक्षेत्र बाहिरबाट समेत खानेपानीको स्रोत पहिचान तथा समन्वय गरी उपभोक्ताको न्युनतम आधारभुत खानेपानी प्राप्त गर्ने अधिकारलाई उपभोक्तामैत्री बनाउन बाञ्छनीय भएकाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को अधिकार प्रयोग गरी चन्द्रागिरि नगरपालिकाको एकीकृत खानेपानी तथा सरसफाइ ऐन, २०८० को दफा ३४ को अधिनमा रही चन्द्रागिरि नगर कार्यपालिकाले यो नियमावली बनाएको छ ।

## परिच्छेद – १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यो नियमावलीको नाम **"चन्द्रागिरि एकीकृत खानेपानी तथा सरसफाइ व्यवस्थापन नियमावली, २०८०"** रहेको छ ।

(२) यो नियमावली तुरुन्त लागु हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा :

(क) **"ऐन"** भन्नाले चन्द्रागिरि एकीकृत खानेपानी तथा सरसफाइ व्यवस्थापन ऐन, २०८० लाई सम्झनु पर्छ ।

(ख) **"नगरपालिका"** भन्नाले चन्द्रागिरि नगरपालिकालाई सम्झनु पर्छ ।

(ग) **"प्रमुख"** भन्नाले चन्द्रागिरि नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्छ ।

(घ) **"उपप्रमुख"** भन्नाले चन्द्रागिरि नगरपालिकाको उपप्रमुख सम्झनु पर्छ ।

(ङ) **"वडा अध्यक्ष"** भन्नाले चन्द्रागिरि नगरपालिकाको वडा अध्यक्षलाई सम्झनु पर्छ ।

(च) **"कार्यालय"** भन्नाले चन्द्रागिरि नगरपालिकाको नगरकार्यपालिकाको कार्यालयलाई सम्झनु पर्छ । सो शब्दले वडा कार्यालय समेतलाई जनाउँदछ ।

(छ) **"परिषद"** भन्नाले चन्द्रागिरि नगरपालिकाको एकीकृत खानेपानी तथा सरसफाइ ऐनको दफा ७ बमोजिम गठन भएको परिषद सम्झनु पर्छ ।

(ज) **"वडा स्तरीय खानेपानी तथा सरसफाइ समन्वय समिति वा समन्वय समिति"** भन्नाले ऐनको दफा १३ बमोजिम गठन भएको समन्वय समिति सम्झनु पर्छ ।

(झ) **"भौगोलिक क्षेत्र"** भन्नाले नगरपालिकाले खानेपानी सेवा संचालन तथा व्यवस्थापन गर्न गराउन तोकिएको चन्द्रागिरि नगरपालिकाको सीमाक्षेत्र सम्झनु पर्छ।

(ञ) **"समिति वा उपसमिति"** भन्नाले नियम ४ बमोजिम गठन हुने समिति वा उपसमिति सम्झनु पर्छ।

(ट) **"खानेपानी सेवा"** भन्नाले प्राकृतिक पानीलाई प्रशोधन तथा शुद्धीकरण गरी विभिन्न विधिबाट उपभोक्तालाई उपलव्ध गराउने कार्यलाई सम्झनु पर्छ । सो शब्दले नगरपालिका क्षेत्रभन्दा बाहिरबाट आपुर्तिको व्यवस्था मिलाइएको अवस्थामा सो समेतलाई जनाउँदछ।

(ठ) **"सार्वजनिक धारा"** भन्नाले सार्वजनिक स्थानमा रहेका सम्पुर्ण धाराहरूलाई सम्झनु पर्छ। यस शब्दले परम्परागत ढुंगेधारा, कुवा, इनार, सामुदायिक प्रयोगका धारा र नगरपालिकाले सार्वजनिक स्थलमा व्यवस्थापन गरेका धारा समेतलाई जनाउँदछ।

(ड) **"महसुल"** भन्नाले खानेपानी सेवा प्रदान गरे वापत उपभोक्ताबाट लिन पाउने गरी नगरपालिकाले निर्धारण गरेको महसुल सम्झनु पर्छ। सो शब्दले नगरपालिकाको आर्थिक ऐनमा व्यवस्था भएको खानेपानी सम्बन्धी अन्य सेवा शुल्क समेतलाई जनाउँदछ।

(ढ) **"दिगो सरसफाइ"** भन्नाले स्वचालित र नियमित रुपमा संचालित मानव मलमुत्रको सुरक्षित विसर्जनका लागि सेवा र सुविधाहरूको व्यवस्थालाई सम्झनु पर्छ । यस शब्दले ढल निकास तथा व्यवस्थापन, फोहोरपानीको संकलन र शुद्धीकरण तथा विसर्जनमार्फत स्वच्छता कायम गर्नु तथा जनस्वास्थ्य प्रबर्द्धनका लागि गरिएका विभिन्न स्वच्छ पानी कायम गर्न गरिने क्रियाकलाप समेतलाई जनाउँदछ।

(ण) **"प्रयोगकर्ता-मैत्री खानेपानी, सरसफाइ र स्वच्छताका सुविधाहरू"** भन्नाले शारीरिक रुपले असक्षम र अपाङ्गता भएका, बालबालिका तथा जेष्ठ नागरिक आदि सबैलाई प्रयोग गर्न सजिलो हुने प्रयोगकर्ता-मैत्री सुविधाहरूलाई सम्झनु पर्छ ।

(त) **"सुरक्षित पानी"** भन्नाले मानव स्वास्थ्यलाई हानी गर्ने भौतिक, जैविक र रासायनिक पदार्थहरू नरहेको पानीलाई सम्झनु पर्छ ।

(थ) **"सरोकारवाला"** भन्नाले सरकारी, गैरसरकारी कार्यालय तथा निकाय, राजनीतिक दल, शैक्षिक संस्था, सहकारी, निजीक्षेत्र, नागरिक समाज, सञ्चार क्षेत्र, उद्योग वा व्यवसाय, खानेपानी उपभोक्ताहरू लगायतका सरोकारवालाहरूलाई सम्झनु पर्छ ।

(द) **"मुहानको क्षेत्र"** भन्नाले मुहानबाट १०० मिटर चारैतर्फ भित्रको सिमाना क्षेत्रलाई सम्झनु पर्छ ।

(ध) **"उपभोक्ता"** भन्नाले चन्द्रागिरि नगरपालिकाको भौगोलिक क्षेत्रभित्र खानेपानी तथा सरसफाइ सेवा उपभोग गर्ने व्यक्ति, निकाय सम्झनु पर्छ ।

(न) **"आर्थिक ऐन"** भन्नाले चन्द्रागिरि नगरपालिकाबाट जारी आर्थिक ऐन सम्झनु पर्छ ।

(प) **"खानेपानी व्यवसायलाई निरुत्साहित गर्दै व्यवस्थित गर्नु"** भन्नाले संघीय सरकारबाट जारी खानेपानी तथा सरसफाइ सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७९ को दफा ४ को उपदफा (२) र चन्द्रागिरि एकीकृत खानेपानी तथा सरसफाइ व्यवस्थापन ऐन, २०८० को दफा ५ र ६ बमोजिम चन्द्रागिरिबासी उपभोक्ताहरूलाई आधारभुत खानेपानी सेवा उपलब्ध गराउने प्रयोजनको लागि ट्यांकर वा बोतलबन्दी व्यापारमा उपयोग हुने पानीको स्रोतलाई नागरिकको उपयोगमा ल्याउने प्रयासलाई

सम्झनु पर्छ । सो शब्दावलीले चन्द्रागिरिबासी उपभोक्ताको आधारभुत खानेपानी आवश्यकता परिपुर्तिको लागि सार्वजनिक मुहानको १०० मिटरको परिधिभित्र निजी व्यवसायिक बोरिङ गर्न नदिने वा सार्वजनिक मुहानका पानी औद्योगिक उपयोग गर्न नदिने वा भुमिगत पानीका लागि वातावरणमा प्रभाव पर्ने गरी अनियन्त्रित तवरले दोहन गर्न नदिने वा नयाँ खानेपानी व्यवसाय दर्ता नगर्ने जस्ता निरोधात्मक कार्यलाई समेत जनाउँदछ ।

(फ) **"खानेपानी प्रणालीमा संलग्न उपभोक्ता समिति, समुह, संस्था चन्द्रागिरि नगर क्षेत्रभरका लागि स्वतः निष्कृय हुनु"** भन्नाले चन्द्रागिरि नगरपालिका क्षेत्रमा चन्द्रागिरि एकीकृत खानेपानी तथा सरसफाइ व्यवस्थापन ऐन, २०८० प्रारम्भ हुँदाका बखत जुनसुकै निकायबाट स्वीकृति लिई वा नलिई खानेपानी सेवा संचालन गरिरहेका उपभोक्ता समिति, संस्था, समुहहरू संघीय सरकारबाट जारी खानेपानी तथा सरसफाइ सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७९ को दफा ७ को उपदफा (३) बमोजिम नगरपालिकाको स्वामित्व वा नियन्त्रणमा नरहेको महसुस गरी खानेपानी सेवा संचालन गर्ने कार्यबाट त्यस्तो संस्थालाई अलग गरी सोही दफा ७ को उपदफा (२) बमोजिम नगरपालिका क्षेत्रभित्र आधारभुत खानेपानी तथा सरसफाइ सेवाको संचालन तथा व्यवस्थापन नगरपालिका आफैंले गर्ने कार्यलाई सम्झनु पर्छ । सो पदावलीले नगरपालिका क्षेत्रभित्र खानेपानी सेवा संचालन गर्न बाहेकका त्यस्तो समिति, संस्था, समुहले अनुमतिप्राप्त अन्य कार्य गर्न सक्ने समेत जनाउँदछ ।

(ब) **"खानेपानी प्रणाली र सम्बन्धित चल अचल सम्पत्ति तथा दायित्वमाथि नगरपालिकाको स्वामित्व"** भन्नाले संघीय सरकारबाट जारी खानेपानी तथा सरसफाइ सम्बन्धमा व्यवस्था गर्न बनेको

ऐन, २०७९ को दफा ७ को उपदफा (२) र (३) बमोजिम तथा चन्द्रागिरि एकीकृत खानेपानी तथा सरसफाइ व्यवस्थापन ऐन, २०८० बमोजिम नगरपालिका आफैंले खानेपानी तथा सरसफाइ सेवाको संचालन तथा व्यवस्थापन गर्ने कार्यलाई सम्झनु पर्छ ।

## परिच्छेद – २
## मुहानको व्यवस्थापन

३. **खानेपानी स्रोतको सार्वजनिक उपयोग हुने :** (१) ऐनको दफा ५ को उपदफा (४) तथा दफा १० को उपदफा (१३) बमोजिम प्राकृतिक मुहानबाट परापुर्वकाल देखि नै खाईपाई आएको पानीको मुहानको संरक्षण र प्रबर्द्धन गर्ने तथा साबिकको पानीको बाँडफाँडको परिमाण कमी नहुने गरी संचालन गर्ने कार्य सम्बन्धित मुहान रहेको वडा र उपभोग गर्दै आएको वडा समेतको समन्वयमा परिषदले गर्नेछ ।

(२) सामुदायिक वन क्षेत्रमा रहेको खानेपानी मुहानलाई वनको हानी नोक्सानी नहुने र थप संरक्षण हुनेगरी सामुदायिक वन उपभोक्ता समितिको समन्वयमा सो मुहान तथा जलाधार क्षेत्रको संरक्षण र मर्मत सम्भार गरिनेछ ।

(३) ऐनको दफा १० को उपदफा (१२) बमोजिम खानेपानीको मुहान वा स्रोत रहेका समुदायको सर्वोपरि हितलाई प्राथमिकतामा राखिनेछ । सो स्थानका समुदायलाई आधारभुत खानेपानी नियमित उपलब्ध गराइनेछ । सो गर्दा उपनियम (१) अनुसारको पानी वितरणको व्यवस्था गर्न बाधा पुर्‍याएको मानिने छैन ।

(४) उपनियम (१), (२) र (३) मा जेसुकै लेखिए तापनि खानेपानी मुहानबाट साबिकमा उपभोग गरिरहेका उपभोक्ताले साबिक बमोजिम खानेपानी उपभोग गर्ने अग्राधिकार सुरक्षित रहनेछ ।

## परिच्छेद – ३
## समिति तथा उप समिति गठन

४. **समिति र उपसमिति गठन गर्न सक्ने :** (१) ऐनको दफा ३२ बमोजिम परिषदले आवश्यकता अनुसार एकीकृत खानेपानी तथा सरसफाइ सेवा व्यवस्थापन समिति गठन गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम गठन हुने समितिमा सम्बन्धित विषयविज्ञलाई आवश्यकता अनुसार आमन्त्रण गर्न सकिनेछ ।

(३) वडास्तरीय खानेपानी तथा सरसफाइ समन्वय समितिले आवश्यकता अनुसार खानेपानी सरसफाइ क्षेत्रमा काम गरेका व्यक्तिहरूसमेत रहने गरी वडा स्तरीय खानेपानी सेवा संचालन उप समिति गठन गर्न परिषदसमक्ष सिफारिस गर्न सक्नेछ ।

(४) उपनियम (३) बमोजिम गठन हुने उपसमितिमा देहाय बमोजिम सदस्य रहन सक्नेछन् :

| | | |
|---|---|---|
| क. | वडा अध्यक्ष वा वडा समितिले तोकेको वडा सदस्य | अध्यक्ष |
| ख. | वडा समितिले तोकेको २ जना महिला सहित ४ जना | सदस्य |
| ग. | स्थानीय उपभोक्ताहरू मध्येबाट वडा समन्वय समितिले तोकेको २ जना महिला सहित ४ जना | सदस्य |
| घ. | प्राविधिक कर्मचारी | सदस्य |
| ङ. | वडा सचिव | सदस्य सचिव |

(५) उपनियम (४) बमोजिम एक भन्दा बढी वडामा सेवा प्रदान गर्ने खानेपानी प्रणाली संचालन गर्नको लागि उपसमिति गठन गर्नुपरेमा वडा समन्वय समितिहरूको संयुक्त बैठकबाट निर्णय गरी थप ४ जना सहित कुल १५ सदस्य हुने गरी परिषदमा सिफारिस गर्न सकिनेछ । त्यसै गरी एउटै वडामा धेरै खानेपानी प्रणाली भएकोमा समेत थप ४ जना सहित कुल १५ सदस्यीय उपसमिति गठन गर्न सिफारिस गर्न सकिनेछ ।

(६) उप नियम (१) अनुसार गठन हुने समितिले परिषदको निर्देशनमा र उप नियम (४) बमोजिम गठन हुने उप समितिले वडा समन्वय समितिको प्रत्यक्ष निर्देशनमा कार्य गर्नेछ ।

५. **पुर्वाधार निर्माण गर्न सक्ने :** (१) नियम ४ को उपनियम (१) बमोजिम गठन हुने समितिले नेपाल सरकार तथा प्रदेश सरकारका निकायहरू वा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दातृ निकायसँग ऐनको दफा १० को उपदफा (१५) बमोजिम सम्झौता गरी निर्माण कार्य गर्न सक्नेछ ।

(२) नियम ४ को उपनियम (४) बमोजिम गठन भएको उपसमितिले सम्बन्धित वडाको खानेपानी प्रणालीसँग सम्बन्धित ट्यांकी वा पाइप लाइन वा बोरिङ योजना निर्माण गर्नको लागि सम्झौता गरी निर्माण कार्य गर्न सक्नेछ ।

६. **विघटन वा पुनर्गठन हुन सक्ने :** तोकिएको जिम्मेवारी पुरा भैसकेमा वा जिम्मेवारी पुरा गर्न नसकेको लागेमा परिषदले नियम ४ बमोजिम गठन भएको समिति वा उपसमिति विघटन वा पुनर्गठन गर्न सक्नेछ ।

## परिच्छेद – ४
## कर्मचारी व्यवस्थापन

७. **कर्मचारीको व्यवस्थापन :** (१) ऐन लागु हुनु अघि नगरपालिका क्षेत्रभित्र खानेपानी प्रणालीमा कार्यरत कर्मचारीहरूलाई साबिकमा खानेपानी प्रणालीमा

काम गरेको आधारमा अर्को व्यवस्था नभए सम्म पारिश्रमिक तोकी साबिककै वडामा साबिककै कार्यक्षेत्रमा तोकिएको काममा लगाइनेछ ।

(२) नगरपालिका तथा वडा कार्यालयमा रहने खानेपानी तथा सरसफाइ कर्मचारीहरूको पद तथा संख्या नगरपालिकाले निर्धारण गर्नेछ ।

(३) खानेपानी प्रणाली संचालनका लागि थप आवश्यक वा रिक्त पदमा कर्मचारी भर्ना गर्नुपर्दा क्षमता, दक्षता र नगरपालिकाको आवश्यकताका आधारमा प्रतिस्पर्धा गराई भर्ना गर्न सकिने छ ।

(४) कर्मचारीलाई वडा समन्वय समितिले प्रचलित कानुन बमोजिम कामको मुल्यांकनको आधारमा पुरस्कृत गर्न वा दण्डित गर्न वा जिम्मेवारीबाट हटाउन सक्नेछ । त्यसको जानकारी परिषदमा गराउनु पर्नेछ ।

(५) खानेपानी सेवा नियमित संचालनका लागि तत्काल आवश्यक परेमा रिक्त पदमा वडा समन्वय समितिले ज्यालादारीमा काममा लगाउन सक्नेछ ।

## परिच्छेद – ५
## खानेपानीको महसुल सम्बन्धी व्यवस्था

८. **खानेपानी सेवाको महसुल तथा शुल्क दर :** (१) ऐनको दफा १० को उपदफा (६) बमोजिम परिषदको अधिकार अन्तरगत उपभोक्तालाई खानेपानी सेवा प्रदान गरे वापत तपसिल अनुसारको महशुल लिइनेछ ।

(क) १ युनिटदेखि ८ युनिटसम्मको खानेपानी खपत वापत एकमुष्ठ रु. ५०।-

(ख) ९ युनिटदेखि १५ युनिटसम्मको खानेपानी खपत वापत प्रतियुनिटको थप रु २०।-

(ग) १६ युनिटदेखि २५ युनिटसम्मको खानेपानी खपत वापत प्रतियुनिटको थप रु ३०।-

(घ) २६ युनिटदेखि ३५ युनिटसम्मको खानेपानी खपत वापत प्रतियुनिटको थप रु ५०।-

(ङ) ३६ युनिटदेखि माथि खानेपानी खपत वापत प्रतियुनिटको थप रु ८०।-

(२) नयाँ धारा जडान तथा पुरानो धारा नवीकरण गर्दा देहाय अनुसारको शुल्क लाग्नेछ ।

(क) नयाँ धारा जडान वापत रु १००००।- शुल्क लाग्नेछ ।

(ख) धारा नामसारी गर्दा रु ५०००।- शुल्क लाग्नेछ ।

(ग) नयाँ धारा जडान गर्दा मुलपाईपबाट १५ मिटरदेखि माथिको पाइप खर्च सम्बन्धित उपभोक्ताले व्यहोर्नुपर्ने छ ।

(घ) वडा समन्वय समितिमा पहिलोपटक पुरानो धाराको सुचीकरण गर्दा रु १००।- शुल्क लाग्नेछ ।

(ङ) मुलपाइपको समस्याको कारण उपभोक्ताको खानेपानी उपभोगमा समस्या आएमा वडा समन्वय समितिले तुरुन्त मर्मत सम्भार गर्नेछ ।

(च) औद्योगिक वा संस्थागत धारा जडानमा रु २५०००।- जडान खर्च लाग्नेछ । मुलपाईपबाट १५ मिटर देखि माथिको पाइप खर्च सम्बन्धित संस्थाले व्यहोर्नु पर्नेछ ।

(३) नगरपालिकाले समयसमयमा शुल्क तथा महसुलमा थपघट गर्न सक्नेछ ।

९. **खानेपानी तथा सरसफाइ सेवा महशुल निर्धारणका आधार :** महशुल निर्धारणको लागि देहाय बमोजिमका आधारहरू अवलम्बन गरिनेछ :

(क) आयोजनाको लागत, ऋण लगानीको साँवा र ब्याज,

(ख) जडित क्षमता शुल्क,

(ग) स्वलगानी र त्यसको प्रतिफल,

(घ) कर, नियमन तथा अन्य शुल्क,

(ङ) अतिरिक्त पुँजीकरण,

(च) प्रशोधन सञ्चालन तथा मर्मत खर्च,

(छ) कार्य सञ्चालन खर्च,

(ज) उपयोगको प्रकार ।

## परिच्छेद – ६
## मापदण्ड तथा गुणस्तर व्यवस्थापन

१०. **खानेपानी तथा सरसफाइ सम्बन्धी मापदण्ड :** (१) सार्वजनिक मुहान वा डिपबोरिङ गरी उपभोक्तालाई खानेपानी सेवा वितरण गरेको खानेपानीको मुहानदेखि चारैतर्फ १०० मिटरको परिधिमा निजी स्तरबाट इनार वा डिपबोरिङ गर्न पाईने छैन ।

(२) घरबाट निस्कने दिसाजन्य लेदो ढलमा मिसाउन पाइनेछैन र स्नानघर तथा भान्साबाट निस्कने फोहरपानी सोकपिटमा पठाई प्रशोधन गरेर सफा पानी मात्र ढलमा पठाउने व्यवस्था गर्नुपर्नेछ ।

(३) उपदफा (२) मा भएको व्यवस्था उल्लंघन गर्नेलाई नियमानुसार तत्काल रु ५०००।- जरिवाना गरी फोहोर पानी निस्कासन हुने पाइप बन्द गराई ढल प्रयोग गर्न निषेध गरिनेछ । त्यसरी ढल बन्द गराइएकोमा व्यक्तिले जरिवाना तिरी अब आइन्दा त्यस्तो कार्य नगर्ने प्रतिबद्धता गरेमा सेवा सुचारु गरिनेछ ।

**११. खानेपानीको परीक्षण गर्नुपर्ने :** (१) ऐनको दफा २६ को उपदफा (३) बमोजिमको खानेपानीको गुणस्तर मापदण्ड प्रचलित कानुनबमोजिम हुनेछ ।

(२) नगरक्षेत्रभित्र संचालनमा रहेका खानेपानी प्रणालीबाट वितरण भएको खानेपानीको गुणस्तर सुख्खायाममा हरेक ४ महिनामा र वर्षातको याममा मासिक रुपमा छुट्टाछुट्टै नमुना संकलन गरी गुणस्तरयुक्त प्रयोगशालामा परीक्षण गराउनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिमको खानेपानी परीक्षणको प्रतिवेदन उपभोक्तालाई जानकारी गराउनु पर्नेछ ।

(४) उपनियम (२) बमोजिम परीक्षण गर्दा पानीको गुणस्तर मानवस्वास्थ्यका लागि हानीकारक देखिएमा प्रशोधन पश्चात् पुनःपरीक्षणबाट खान मिल्ने भएमा वितरण गर्न सकिनेछ ।

(५) उपनियम (४) बमोजिम पुनःपरीक्षण गर्दा मानव प्रयोगका लागि अयोग्य देखिन आएमा सो स्रोतलाई बन्द गर्नु पर्नेछ ।

## परिच्छेद – ७
## निजी मुहान तथा निजी व्यवसायको व्यवस्थापन

**१२. निजी जग्गामा भएका मुहानको सार्वजनिक प्रयोग हुने :** ऐनको दफा ५ को उपदफा (८) बमोजिम निजी जग्गामा भएका मुहानबाट परम्परागत रुपमा सार्वजनिक वितरण भइरहेको खानेपानीको वितरण साबिक बमोजिम नै गरिनेछ । पानीको मुहानमा इन्टेंकलगायतका संरचना निर्माण गर्नु पर्ने भएमा आपसी समन्वयमा प्रचलित कानुनबमोजिम गरिनेछ ।

**१३. खानेपानी व्यवसाय कानुनबमोजिम हुने :** (१) ऐनको दफा ५ को उपदफा (६) बमोजिम भुमिगत वा सतहको स्रोतबाट निजी व्यवसाय वा उद्योगको रुपमा संचालित खानेपानी व्यवसायलाई देहाय अनुसार व्यवस्थित गर्दै लगिनेछ ।

(क) निजी व्यवसायीबाट व्यवसायको रुपमा ऐन जारी हुनु अगाडिदेखि सार्वजनिक स्थानमा भुमिगत वा सतहको स्रोतको पानीको प्रयोगलाई तुरुन्त बन्द गराई सो स्रोतलाई नगरपालिकाले सार्वजनिक उपयोगमा प्रयोग गर्नेछ ।

(ख) ऐन जारी हुनु अगाडि निजी जग्गामा भुमिगत पानीको इनार वा बोरिङ्ग गरी व्यवसाय सञ्चालन गरिरहेका व्यवसायीले नियमावली जारी भएको १ महिना भित्र भुमिगत पानीको उपयोगको प्रयोजन, भुमिगत पानी निकाल्ने जमिनको स्वामित्व र खानेपानीको मुहान वा सार्वजनिक उपयोगका बोरिङबाट कम्तीमा चारै तर्फ १०० मिटरको परिधिभित्र नपर्ने प्रमाण पेश गर्नुपर्नेछ ।

(ग) निजी जग्गामा भुमिगत पानी बोरिङ्ग गरी व्यवसायिक प्रयोग गरिरहेका व्यवसायीले चन्द्रागिरि नगरपालिकाका उपभोक्ताको हितलाई पहिलो प्राथमिकतामा राख्नुपर्नेछ ।

(घ) खानेपानी वितरण गर्ने निजी व्यवसायीहरूले स्थानीय कानुन परिपालना गर्नुपर्नेछ ।

(ङ) ऐन लागु हुनु भन्दा अगाडि खानेपानी प्रणाली चलाइरहेका निजी व्यवसायीले नगरपालिकालाई व्यवसाय हस्तान्तरण गर्न चाहेमा स्वघोषणा गरी यथार्थ विवरण पेश गरेमा जाँचबुझ गरी परिषदले आवश्यक ठानेमा व्यवसायीको क्षतिको समेत यकिन गरी सो वापत को क्षतिपुर्ति दिई भुमिगत वोरिङ्गबाट सञ्चालनमा रहेको खानेपानी प्रणालीलाई नगरपालिकाबाट सञ्चालन हुने खानेपानी प्रणालीसँग जोड्न सकिनेछ ।

(२) संचालन भइरहेका खानेपानी सम्बन्धी निजी व्यवसायको निरन्तरताको लागि नगरपालिकामा निवेदन पेश गर्न सकिनेछ ।

(३) उप नियम (२) बमोजिम पेश हुन आएका खानेपानी व्यवसायको नवीकरण गर्दा वडास्तरीय खानेपानी तथा सरसफाइ समन्वय समितिको सिफारिसमा परिषदले नवीकरण गर्न सक्नेछ ।

(४) खानेपानी व्यवसायका लागि नगरपालिकाको आर्थिक ऐनमा तोकेबमोजिमको कर, दस्तुर र शुल्क बुझाउनुपर्नेछ ।

(५) नयाँ निजी खानेपानी व्यवसाय दर्ता गरिने छैन ।

## परिच्छेद – ८
## कोषको सञ्चालन र खर्च सम्बन्धी व्यवस्था

**१४. कोषको स्थापना :** (१) ऐनको दफा २७ बमोजिम खानेपानी तथा सरसफाइ सेवालाई सहज बनाउन नगरपालिका स्तरको कोषको साथै वडास्तरीय एकीकृत खानेपानी तथा सरसफाइ कोषको समेत व्यवस्था गरिनेछ ।

(२) नगरस्तरीय एकीकृत खानेपानी तथा सरसफाइ कोषमा देहायका रकमहरू राखिनेछ ।

(क) नेपाल सरकारबाट खानेपानी तथा सरसफाइका लागि प्राप्त हुने रकम,

(ख) प्रदेश सरकारबाट खानेपानी तथा सरसफाइका लागि प्राप्त हुने रकम,

(ग) नगरसभाबाट खानेपानी तथा सरसफाइका लागि विनियोजन हुने रकम,

(घ) अन्तर्राष्ट्रिय, राष्ट्रिय तथा स्थानीय गैरसरकारी संघसंस्थाबाट कोषको नाममा सोझै प्राप्त भएको रकम,

(ङ) खानेपानी सेवा प्रदान वापत उपभोक्ताबाट प्राप्त हुने महसुल, शुल्क, दस्तुर र जरिवाना वापतको रकम,

(च) कोषलाई अन्य कुनै स्रोतबाट प्राप्त हुने रकम ।

(३) वडास्तरीय कोषमा देहायका रकम राखिनेछ ।

(क) साविकका उपभोक्ता समितिबाट हस्तान्तरण हुँदा प्राप्त रकम,

(ख) नगरपालिका तथा वडाले खानेपानी शिर्षकमा सम्बन्धित वडाको लागि छुट्टाएको रकम,

(ग) सम्बन्धित वडाको लागि मात्र तोकी नेपाल सरकार, प्रदेश सरकार वा अन्य निकायबाट प्राप्त हुने अनुदान रकम ।

**१५. कोष संचालन :** नगरस्तरीय एकीकृत खानेपानी तथा सरसफाइ कोषको खाता संचालन अधिकृतस्तरको कर्मचारी र नगरपालिकाको लेखापालको संयुक्त दस्तखतबाट र वडा स्तरीय खानेपानी तथा सरसफाइ कोषको खाता सञ्चालन वडासचिव र वडामा कार्यरत लेखापाल वा खानेपानी हेर्ने वडाको कर्मचारीको संयुक्त दस्तखतबाट गरिनेछ ।

**१६. कोषको उपयोग :** (१) नगरस्तरीय एकीकृत खानेपानी तथा सरसफाइ कोषमा जम्मा भएको रकम देहायका शिर्षकमा खर्च गर्न सकिनेछ :

(क) खानेपानीको गुणस्तर सम्बन्धमा क्षमता विकासका खर्च,

(ख) खानेपानी प्रणालीमा संलग्न कर्मचारी व्यवस्थापनका लागि लाग्ने खर्च,

(ग) खानेपानी तथा सरसफाइमा योगदान गरेका व्यक्तित्वहरू तथा संस्था/समुहहरूलाई सम्मान तथा पुरस्कारको खर्च,

(घ) खानेपानी सम्बन्धमा नेपाल सरकार, प्रदेश सरकार, छिमेकी

स्थानीय तह, दातृ निकायसँगको सहकार्यमा गरिने कार्यहरूको खर्च,

(ङ) नगरपालिकाले खानेपानी प्रणाली सञ्चालन गर्दा नगरवासीलाई पर्न गएको हानी नोक्सानी बापत दिनु पर्ने क्षतिपुर्ति सम्बन्धी खर्च,

(च) खानेपानी प्रणाली विस्तार गर्दा मुआब्जा वापत नगरपालिकाले दिनु पर्ने खर्च,

(छ) साविकका खानेपानी प्रणालीलाई नगरपालिका मातहत ल्याउँदा परिषदले सिफारिस गरेको दायित्व सृजना भएको खर्च,

(ज) खानेपानी विस्तार गर्दा सामुदायिक वनमा मुहान संरक्षण गर्दा लाग्ने खर्च,

(झ) परिषदले उपयुक्त ठहऱ्याएका अन्य आवश्यक खर्च ।

(२) वडास्तरीय एकीकृत खानेपानी तथा सरसफाइ कोषमा जम्मा भएको रकम देहायका शिर्षकमा खर्च गर्न सकिनेछ ।

(क) खानेपानी पाइपलाइन, धारा तथा मिटर जडान, मेसिन तथा पानी तान्ने पम्प, ट्यांकी निर्माण तथा खरिद, मर्मतसम्भार लगायत खानेपानी प्रणाली सम्बन्धी पुर्वाधार निर्माण तथा सञ्चालन सम्बन्धी कार्य,

(ख) खानेपानी प्रणाली संचालन गर्दा कुनै व्यक्ति वा निकायको जग्गामा मुहान संरक्षण गर्दा सो वापत लाग्ने खर्च,

(ग) सेवा संचालन गर्दा हुन आउने भैपरी खर्च ।

(३) उपनियम (१) र (२) बमोजिमको खर्च गर्दा सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम गरिनेछ ।

(४) उपनियम (२) बमोजिमको खर्च गर्दा वडा समितिको निर्णयअनुसार गर्नु पर्नेछ ।

**१७. खर्च विवरण पेश गर्नुपर्ने :** (१) अत्यावश्यक खानेपानी सेवा संचालनका लागि वडा स्तरीय खानेपानी तथा सरसफाइ समन्वय समितिको निर्णयबाट गरेको मर्मत सम्भार तथा आकस्मिक कार्यको खर्च विवरण मासिक रुपमा नगरपालिकामा पेश गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको खर्च परिषदको बैठकबाट अनुमोदन हुनेछ ।

**१८. आकस्मिक सेवा संचालन र खर्चको निर्णय तथा अनुमोदन :** (१) प्राकृतिक प्रकोप वा अन्य विपदबाट खानेपानी सेवा अवरुद्ध भएको र तत्काल सेवा संचालनको लागि तत्काल परिषद र वडा समन्वय समितिको बैठक बस्न सक्ने अवस्था नरहेको अवस्थामा देहायअनुसार तत्काल कार्य संचालनको व्यवस्था मिलाउन सकिनेछ ।

(क) परिषदको हकमा अध्यक्ष, एक जना सदस्य र सदस्य सचिव सहितको आकस्मिक निर्णयबाट कार्यान्वयन गरी तत्पश्चात् बस्ने परिषदको बैठकबाट अनुमोदन गराउनु पर्नेछ ।

(ख) वडाको हकमा वडा अध्यक्ष, सचिव र एक जना सदस्य सहितको आकस्मिक निर्णयबाट कार्यान्वयन गरी तत्पश्चात् बस्ने वडा समन्वय समितिको बैठकबाट अनुमोदन गराउनु पर्नेछ ।

**१९. सुचना प्रविधिको प्रयोग गर्ने :** खानेपानी सेवा उपलब्ध गराए वापत उपभोक्ताबाट उठाइएको महसुल, शुल्क, दस्तुर र जरिवानाको छुट्टै सफ्टवेयर बनाई एकीकृत दरमा संकलन गरिनेछ ।

**२०. आम्दानी तथा खर्च सार्वजनिक गर्ने :** खानेपानी महसुल, शुल्क, दस्तुर, जरिवाना र अन्य आम्दानी तथा खर्चहरूको वार्षिक विवरण सार्वजनिक गरिनेछ ।

## परिच्छेद – ९
## अनुगमन तथा मुल्यांकन सम्बन्धी व्यवस्था

२१. **खानेपानी प्रणालीको अनुगमन :** (१) खानेपानी प्रणालीहरूको अनुगमन ऐनको दफा २६ को उपदफा (१) बमोजिमको उपप्रमुखको संयोजकत्वमा गठन भएको समितिबाट समयसमयमा हुनेछ ।

(२) उपनियम (१) बमोजिमको अनुगमन गर्दा खानेपानी वितरणको प्रभावकारी कार्यान्वयनको अवस्था, खानेपानीको गुणस्तर, सेवाको दिगोपना, नियमकानुनको परिपालनाको अवस्था, बाधा अवरोध, चुनौती, अवसर, कार्य कुशलता, प्रभावकारिता तथा प्राविधिक पक्ष तथा मुहान, ट्यांकी र खानेपानीको लाइनमा जोखिमको सम्भावना लगायतका विषयहरूमा परिषदसमक्ष पेश गर्नु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम गरिने अनुगमनमा सम्बन्धित विषयको विज्ञलाई समेत आमन्त्रण गर्न सकिनेछ ।

२२. **खानेपानी सेवाको मुल्यांकन :** (१) परिषदले आफुले गरेका काम र उपलब्धिहरूको बारेमा सम्बन्धित सरोकारवालाहरूको सहभागितामा समयसमयमा स्व-अनुगमन र वार्षिकरुपमा स्व-मुल्यांकन गर्नेछ ।

(२) वडा समन्वय समितिले आफुले गरेका काम र उपलब्धिहरूको बारेमा सम्बन्धित सरोकारवालाहरूको सहभागितामा समयसमयमा स्व-अनुगमन र वार्षिकरुपमा स्व-मुल्यांकन गर्नेछ ।

(३) उपनियम (२) बमोजिमको मुल्यांकनमा उत्कृष्ट हुने वडालाई परिषदले पुरस्कृत गर्न सक्नेछ ।

२३. **प्रतिवेदन तथा अभिलेखीकरण :** (१) वडा समन्वय समितिले वडास्तरमा खानेपानी सेवा संचालन सम्बन्धमा भए गरेका काम कारवाहीको मासिक तथा वार्षिक विवरण तयार गरी नगरपालिकामा पठाउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको विवरणमा आफ्नो क्षेत्रभित्र रहेका घरपरिवार, संस्था र सार्वजनिक स्थानमा प्रयोगमा रहेका शौचालयको विवरण, खानेपानी सेवाको पहुँच, हात धुने स्थलको व्यवस्था, फोहोरमैला व्यवस्थापन लगायतका अन्य सान्दर्भिक विषयहरू समेत समावेश गर्नु पर्नेछ ।

(३) उपनियम (१) र (२) बमोजिम वडा समन्वय समितिबाट प्राप्त प्रतिवेदनहरूको नगरपालिका स्तरीय एकीकृत तथ्यांक विवरण तयार गरी नगरपालिकामा अभिलेख गर्नु पर्नेछ ।

## परिच्छेद – १०
## विविध

२४. **चल अचल सम्पत्तिको हस्तान्तरण गर्नुपर्ने :** (१) साविकमा उपभोक्ता समिति गठन भई खानेपानी प्रणाली सञ्चालन हुँदाको चलअचल बाँकी सम्पत्ति सम्बन्धित वडामा हस्तान्तरण गरी वडा समन्वय समितिले सोको विवरण परिषदमा पठाउनु पर्नेछ ।

(२) एकभन्दा बढी वडामा सेवा संचालन गर्ने साबिकको उपभोक्ता समितिले उपनियम (१) बमोजिम सम्पत्ति हस्तान्तरण गर्दा कार्यालय रहेको वडा वा समभ्ठदारीमा सेवा संचालन भएको मध्ये जुनसुकै वडामा वा सिधै नगरपालिकामा हस्तान्तरण गर्न सक्नेछ ।

(३) साबिकका उपभोक्ता समितिले हस्तान्तरण गरेको चल अचल सम्पत्ति सोही वडा र सोही खानेपानी प्रणालीको संचालनमा उपयोग गरिनेछ ।

२५. **विवरण पेश गर्नुपर्ने :** (१) साबिकका उपभोक्ता समितिहरूले ऐनको दफा ५ को उपदफा (३) बमोजिम चलअचल सम्पत्ति तथा संरचना हस्तान्तरण गर्दा देहाय बमोजिमका विवरण पेश गर्नु पर्नेछ :

(क) संस्था गठन भए देखि आ.व. २०७९/०८० सम्मको खानेपानी तथा सरसफाइ समितिको साधारण सभा तथा लेखापरीक्षण प्रतिवेदन विवरण,

(ख) समितिहरूमा कार्यरत कर्मचारीहरूको नामथर सम्पर्क नम्वर र पद विवरण

(ग) उपभोक्ताहरूवाट मासिक रुपमा लिने गरिएको महसुलको विवरण,

(घ) खानेपानी धारा जडान खर्च, नामसारी, धरौटी तथा अन्य शुल्कको विवरण,

(ङ) बैंक खाता रहेको बैंकको स्टेटमेन्ट सहितको विवरण,

(च) मासिकरुपमा भएको आम्दानी, प्रशासनिक खर्च तथा मर्मत खर्च विवरण,

(छ) स्थायी संरचना (जग्गा, भवन, खानेपानी ट्यांकी, लगायत अन्य संरचनाहरू)को विवरण,

(ज) जिन्सी सामग्री र निर्माण सामग्रीको विवरण,

(झ) ऐनमा तोकिएका अन्य विषयहरू ।

(२) ऐनको दफा ५ को उपदफा (२) बमोजिमको खानेपानी प्रणालीका चलअचल सम्पत्ती चन्द्रागिरि नगरपालिकाका उपभोक्ताको आधारभुत खानेपानी सेवा संचालनमा मात्र उपयोग गरिनेछ ।

२६. **खानेपानी सम्बन्धमा उपभोक्ताको कर्तव्य :** (१) खानेपानी उपभोक्ताको कर्तव्य देहाय बमोजिम हुनेछ :

क) आफुले सेवा उपभोग गरे वापतको सेवा शुल्क समयमा नै बुझाउने ।

ख) अनधिकृतरूपमा सेवाको दुरूपयोग वा खानेपानीको चुहावट वा कुनै बदनियतपुर्ण कार्य नगर्ने र त्यस्तो क्रियाकलाप हुन लागेको कुरा थाहा हुन आएमा तत्कालै वडा तथा नगरपालिकामा सुचना दिने ।

ग) खानेपानी स्रोतमा प्रतिकुल असर पर्न नदिन वातावरणीय प्रदुषण र हानीकारक पदार्थहरूको प्रयोगको सुराक पाएमा जानकारी दिने ।

घ) खानेपानी प्रणालीका लागि आवश्यक अन्य सहयोग गर्ने ।

(२) नगरपालिका क्षेत्रभरका भुमिगत तथा सतहका मुहानको संरक्षण, पाइपलाइन विस्तार र रिचार्ज पोखरी निर्माणजस्ता कार्यमा सहयोग गर्नु नगरवासी, निजिक्षेत्र तथा सरोकारवाला सबैको कर्तव्य हुनेछ ।

२७. **उपभोक्ताले गर्न नहुने कार्य :** (१) खानेपानी उपभोक्ताले देहाय बमोजिमका कार्यहरु गर्नु हुँदैन :

क) सेवाको अनधिकृत रूपमा दुरूपयोग गर्न वा खानेपानीको चुहावट गर्न वा त्यस्तो किसिमको अन्य क्रियाकलाप गर्न,

ख) आफुले उपयोग गरिरहेको खानेपानीको पाइपलाइनबाट अन्य व्यक्तिलाई अल्लगै त्यस्तो लाइन दिन ।

ग) खानेपानीको पाइपबाट कुनै यन्त्र जडान गरी अनाधिकार पानी प्रयोग गर्न ।

घ) मिटर वा त्यसमा लगाइएको सिल तोड्न र बिगार्न ।

ङ) जलाधार क्षेत्रभित्र खानेपानी प्रदुषित गर्ने वा खानेपानीको बहाव वा परिमाणमा असर पर्ने कार्य गर्न ।

च) ढल प्रणालीमा अनधिकृतरूपले जडान गर्न ।

छ) ऐन तथा यस नियमावली विपरित अन्य कुनै काम गर्न ।

२८. **अनुसुचीहरू :** (१) खानेपानी सेवा सम्बन्धी काममा प्रयोग हुने फाराम तथा अन्य विषयहरू देहायका अनुसुचीहरूमा व्यवस्था गरिएको छ ।

अनुसुची १ : शुल्क, छुट र जरिवाना विवरण

अनुसुची २ : सेवाहरू प्राप्त गर्न पेश गर्नुपर्ने कागजातहरूको विवरण

अनुसुची ३ : धारा नामसारीका लागि दरखास्त फाराम

अनुसुची ४ : नयाँ धारा जडानको लागि दरखास्त फाराम

अनुसुची ५ : निवेदन फाराम (प्राविधिक कामको लागि)

अनुसुची ६ : उजुरी फाराम

अनुसुची ७ : कर्मचारी खटाउने फाराम

अनुसुची ८ : मिटर जडान सम्बन्धी ग्राहकको कबुलियत फाराम

अनुसुची ९ : धारा ठाउँसारी/मर्मत/वरपर सार्ने निवेदन

अनुसुची १० : अनुगमन फाराम

अनुसुची ११ : सम्मान तथा पुरस्कारका आधार

अनुसुची १२ : व्यवसाय प्रमाणपत्रको नवीकरण

(२) उपनियम (१) बमोजिमका अनुसुचीहरूमा कार्यपालिकाले आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ ।

२९. **संशोधन :** यस नियमावलीमा नगर कार्यपालिकाले आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ ।

## अनुसुची १
## शुल्क, छुट र जरिवानाको विवरण

### (१) जडान तथा धरौटी शुल्क :

| क्र.सं. | विवरण | कायम गरिएको मुल्य रू. |
|---|---|---|
| १ | दरखास्त दस्तुर | १० |
| २ | ग्राहक कार्ड दस्तुर | २५ |
| ३ | ठाउँसारी दस्तुर | १०००० |
| ४ | व्यक्तिगत ढल सफाई दस्तुर | ५००० |
| ५ | विलको प्रतिलिपी माग | १० |
| ६ | नयाँधारा जडान फारम (फाईल सहित) | २० |
| ७ | स्वामित्व हस्तान्तरण फाराम (फाईल सहित) | २० |
| ८ | ठाउँसारी दरखास्त फाराम (फाईल सहित) | २० |
| ९ | मिटर परीक्षण दस्तुर | १०० |

### (२) भुक्तानी छुट तथा जरिवाना शुल्क :

| भुक्तानी अवधि | छुट वा जरिवाना |
|---|---|
| बिल जारी भएको १५ (पन्द्र) दिन भित्र भुक्तानी | ३ % छुट |
| बिल जारी भएको १ (एक) महिना भित्र | जरिवाना नलाग्ने र छुट नहुने |
| बिल जारी भएको १ (एक) महिना नाघेपछि | १०% जरिवाना |

## अनुसुची २
## सेवाहरू प्राप्त गर्न पेश गर्नुपर्ने कागजातहरूको विवरण

| क्र.सं. | सेवाको विवरण तथा प्रकृया | क्र.सं. | पेश गर्नुपर्ने कागजातहरू |
|---|---|---|---|
| १ | नयाँ धारा जडानको लागि | १ | जग्गाधनी प्रमाण पुर्जाको फोटोकपी |
| | | २ | नापी नक्सा (ब्लु प्रिन्ट) |
| | | ३ | नक्सा पास प्रमाण पत्रको फोटोकपी |
| | | ४ | सम्बन्धित ग्राहकको नागरिकताको फोटोकपी |
| | | ५ | फोटो १ प्रति |
| | | ६ | पुरानो घर भए प्रमाणित कागजातको फोटोकपी |
| | | ७ | घरकर तिरेको रसिदको फोटोकपी |
| | | ८ | संयुक्त लालपुर्जाको हकमा निवेदक बाहेक अन्य जग्गा धनीको वडा कार्यालयको रोहवरमा मन्जुरीनामा र नागरिकताको फोटोकपी |
| २ | धारा नामसारीको लागि | १ | जग्गाधनी प्रमाण पुर्जाको फोटोकपी |
| | | २ | रजिस्ट्रेसन पासको फोटोकपी |
| | | ३ | नागरिकताको फोटोकपी लिने वा दिने दुबैको |

| | | | |
|---|---|---|---|
| | | ४ | फोटो १ प्रति |
| | | ५ | महशुल तिरेको रसिदको फोटोकपी |
| | | ६ | मन्जुरीनामा |
| | | ७ | मुत्यु भएकोमा मृत्यु दर्ताप्रमाणपत्रको फोटोकपी |
| | | ८ | रजिस्ट्रेसन पास र कार्डमा नाम फरक पर्न गएको खण्डमा वडाको सिफारिस |
| | | ९ | लालपुर्जा एकभन्दा बढीको नाममा भएमा उक्त व्यक्तिहरूको मन्जुरीनामा र सबैको नागरिकताको प्रमाणपत्रको फोटोकपी र फोटो |
| ३ | ठाउँसारीको लागि | १ | महशुल चुक्ता गरेको ग्राहक कार्डको फोटोकपी । |
| ४ | होल मर्मतको लागि | १ | महशुल चुक्ता गरेको ग्राहक कार्डको फोटोकपी । |

# अनुसुची ३
# चन्द्रागिरि नगरपालिका
# धारा नामसारीको लागि दरखास्त फारम

| निवेदकको दुबै कान देखिने पासपोर्ट साइजको फोटो |
|---|

श्री वडा कार्यालय
वडा न................
चन्द्रागिरि नगरपालिका, ............ मिति ........../...../.....

**बिषय : धारा नामसारी गरिदिने बारे ।**

| साबिक दर्तावाला ग्राहकको विवरण | नामसारीको लागि आवेदन दिनेको तीनपुस्ते |
|---|---|
| ग्राहकको नाम थर : | बाजेको नाम : |
| ग्राहक संख्या : | बाबुको नाम : |
| एरिया न. : | दरखास्तवालाको नाम : |
| ठेगाना : | ठेगाना : |
| धाराको साईज : | धारामा हक कायम हुने भएको कारण : |

म/हामी माथि उल्लेखित श्री ...................................................... को नाममा जडान भएको ग्रा.सं. ........... ए.नं. ...............को ................. इन्च धारा श्री ....................................................... को नाममा त्यस कार्यालयबाट नामसारी गरी दिन/लिन मन्जुर भई हक छाडी दिए/लिएको छु/छौं । पछि यसमा कुनै दावीविरोध गर्ने छैनौं । गरेमा यसै कागजातबाट बदर हुन र कानुन बमोजिम सजाय ब्यहोर्न समेत हामी मन्जुर हुने गरी यस कार्यालयको रोहबरमा तपसिल बमोजिम सहिछाप गरिदिएको छु/छौं ।

| दायाँ | बायाँ | | दायाँ | बायाँ |
|---|---|---|---|---|
| | | | | |
| मन्जुरीनामा लिनेको औठाछाप | | | मन्जुरीनामा दिनेको औठाछाप | |

माथि दिएको विवरण झुठो ठहरिन आएमा वा यस विषयमा कुनै कुरा लुकाई छिपाई झुक्याउन खोजेको सबुत प्रमाण हुन आएमा कानुन बमोजिम सजाय ब्यहोर्न राजीखुसीसाथ मन्जुर छौं ।

.................................. .....................................

निवेदकको दस्तखत : राजिनामा दिनेको दस्तखत (साबिक ग्राहकको)

मोबाइल नं. : मोबाइल नं.:

**द्रष्टव्य :**

१. यो दरखास्त साथ महसुल भुक्तानी गरेको वार्षिक कार्ड र बिल पेश नभएको दरखास्त उपर कारवाही गरिने छैन ।

२. नामसारी हुन अगावै बाँकी महसुल चुक्ता हुनु पर्नेछ ।

३. मन्जुरीनामा दिनेको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि संलग्न हुनुपर्नेछ ।

४. दरखास्त दिने व्यक्तिले धारा रहेको जग्गाको लालपुर्जा र मालपोत कार्यालयको लिखत समेत दरखास्त साथ पेश गर्नुपर्ने छ ।

५. साबिक धाराबालाको मृत्यु भएकोमा नामसारीको लागि नाता प्रमाणित र मृत्युदर्ता प्रमाणपत्रको (अंशवण्डा वा सगोलको परिवारमा नामसारी गरिनेमा मात्र) प्रतिलिपि ।

कार्यालय प्रयोजनको लागि

श्री महसुल शाखा /राजस्व शाखा

उल्लेखित ग्राहकको महसुल बाँकी खुलाई पेश गर्नुहुन अनुरोध छ ।

शाखा प्रमुख

श्री खानेपानी सरसफाइ शाखा, चन्द्रागिरि न.पा.

निजको २०......... साल............ महिनासम्मको महसुल रकम असुल छ/छैन ।

## अनुसुची ४
## चन्द्रागिरि नगरपालिकाको कार्यालय
## बलम्बु  काठमाण्डौ
## नयाँ धारा जडानको लागि दरखास्त

श्री वडा कार्यालय　　　　　　　　　　　　　　मिति ........../...../.....
वडा न ..........
चन्द्रागिरि नगरपालिका, ..........

तल लेखिएको आवश्यकता पुरा गर्नका निमित्त म/हामीलाई निम्न लेखिएको ठेगानामा ............................. धारा जडान गरि दिन निवेदन गर्दछु /गर्दछौं । हामीले कार्यालयको प्रचलित नियम र शर्त पढेको छु/छौं । सो बमोजिम पालना गर्न मन्जुर गर्दछु/गर्दछौं ।

| |
|---|
| दरखास्तवालाको नाम : |
| नेपाली : |
| English : |
| ठेगाना : |
| नेपाली : |
| English : |
| बाबुको नाम : |
| नेपाली : |
| English : |
| आमाको नाम : |
| नेपाली |
| English : |
| बाजेको नाम : |
| नेपाली : |
| English : |

| | | | |
|---|---|---|---|
| नागरिकता न.<br>citizenship no: | | जग्गाधनी प्रमाण पुर्जा न. | |
| जग्गाको क्षेत्रफल<br>land area | .............वर्ग मि. /वर्ग फिट | नक्सा पास प्रमाण पत्र न., मिति : | |
| घरको क्षेत्रफल<br>house area | वर्ग मि./ वर्ग फिट........... | किता नं.(plot no) | |

| | |
|---|---|
| चार किल्लाको विवरण | |
| पुर्व | उत्तर |
| पश्चिम | दक्षिण |
| धारा जडान गर्ने ठाँउको पुरा ठेगाना | |

| | | | |
|---|---|---|---|
| च न द, ा ि ग ि र नगरपालिका : | वडा नं.: | घर नं.: | सडक मार्गको नाम : |
| मोबाईल नं. | ईमेल आई.डि. : | | टोलको नाम : |

| | | |
|---|---|---|
| पानी आवश्यकताको कारण : | | |
| पानी उपभोग गर्नेको संख्या : | पानी दैनिक माग : | लिटर : |

| | |
|---|---|
| उक्त ठाँउमा पहिले जडान भै रहेको भए | सँधियार वा घर नजिकको धाराको |
| नाम :<br>ग्राहक संख्या :<br>एरिया नं. : | नाम :<br>ग्राहक संख्या :<br>एरिया नं. : |
| घरको उचाइ (जमिन देखि) : मिटर | |
| अन्य विवरण : | |

| | | |
|---|---|---|
| दरखास्तवालाको सही .............. | पेश गर्ने : ............ | स्वीकृत गर्ने : ............. |
| नामथर : | नामथर : | नामथर : |
| मिति : | मिति : | मिति : |
| मोबाइल नं. | | |

## अनुसुची ५
## चन्द्रागिरि नगरपालिकाको कार्यालय
## बलम्बु काठमाण्डौ
## निवेदन फाराम (प्राविधिक कार्यको लागि)

श्री ................................ज्यु ।　　　　　　　　मिति :........../..../..../

चन्द्रागिरि नगरपालिकाको कार्यालय

बिषय :

१. ग्राहकको नाम थर ....................... ग्राहक संख्या ........... एरिया न..........

२. पुरा ठेगाना ..................................... टेलिफोन न..............................

३. घरको विवरण

क) पुरानो वा नयाँ ..........................ख) रङ्ग कस्तो छ।..........................

ग) कति तल्लाको ..........................घ) केको छाना ............................

४. घर छिमेकको प्रतिष्ठित ब्यक्तिको नाम थर ............................................

५. घर छेउको प्रख्यात स्थानको नाम ......................................................

६. विवरण ..........................................................................................

...................................................................................................

७. ग्राहकको सही ........................... निवेदन दिनेको सही .......................

८. कार्य आदेश दिनेको तोक वा टिप्पणी : .................................................

...............................................................................................

माथि उल्लेखित निवेदन अनुसार कार्य सम्पन्न भएको छ ।

ग्राहकको नाम :　　　　　　　　　　कर्मचारीको नाम :

सही :　　　　　　　　　　　　　　सही :

मिति :　　　　　　　　　　　　　　मिति :

कैफियत .........................................................................................।

**अनुसुची ६**

**चन्द्रागिरि नगरपालिकाको कार्यालय, बलम्बु**

**बागमती प्रदेश, काठमाडौं**

**..............................शाखा**

**उजुरी फाराम**

मिति ............/..../..../

१.ग्राहकको नाम ..............................ग्राहक संख्या ............एरिया नं............

२.पुरा ठेगाना ..................................टेलिफोन/मोबाइल नं.........................

३. घरको विवरण : ब्लक नं................

क) पुरानो वा नयाँ..................................ख) रंग कस्तो छ.........................

ख) कति तल्लाको ................................घ) के को छाना.........................

४. घर छिमेकको प्रतिष्ठित व्यक्तिको नाम थर .............................................

५. घर छेउको कुनै प्रख्यात स्थानको नाम ..................................................

६. उजुरीको विवरण

.........................................................................................................

.........................................................................................................

.........................................................................................................

उजुरी दिनेको

सही :-

नाम :-

७. कार्य आदेश दिनेको तोक वा टिप्पणी :-

.........................................................................................................

.........................................................................................................

.........................................................................................................

माथि उल्लेखित उजुरी अनुसार कार्य सम्पन्न भएको छ ।

कर्मचारीको नाम :

सही :

मिति :

# अनुसुची ७
# चन्द्रागिरि नगरपालिकाको कार्यालय
# बलम्वु, बागमती प्रदेश
# काठमाडौं
# कर्मचारी खटाउने फाराम

पत्र संख्या :- मिति ........../..../..../

बिषयः- मिटर सहित ......" धारा जडान गरिदिनु हुन ।

प्ल. श्री ..................................

का.स. श्री ................................

श्री ....................................को नाती / नातिनी बुहारी ....................... ...............को छोरा /छोरी/ श्री/ श्रीमती ....................................... को जिल्ला काठमाडौं गा.वि.स. .................... वडा नं. ........ कित्ता नं. ......... क्षेत्रफल ...................... को घरमा नयाँ धारा र मिटर जडान गर्दा मोटर चल्ने पिच सडक पर्छ /पर्दैन कच्ची सडक पर्छ/ पर्दैन पीच सडक पर्छ भने साईन बोर्ड राखि र टेलिफोन, बिजुली र ग्यास लाईन अण्डर ग्राउन्ड तार पर्छ भने क्रमशः नेपाल टेलिकम, नेपाल विद्युत प्राधिकरण तथा आवश्यकता अनुसार भुगर्भ विभागका कर्मचारीको रोहवरमा काम गर्नु होला । साथै ३ फिट गहिरो खनी सकेपछि मात्र नियमानुसार मेन पाईप लाईन बाट ....." को होल गरी फेरोल र ....... मिटर राखि उचित तवर ले मिडियम स्तर वा सो भन्दा उच्च गुणस्तरको ....." जि.आई. पाईप/ पीपीआर पाइप/अन्य फिट लगाई नियमानुसार ...... धारा ....... मिटर सहित जडान गरिदिनु हुन सुचित गरिन्छ ।

लगत नं. :

एरिया नं.:

मिटर नं.:

मिटर अंक :

यस पत्रमा उल्लेख भए बमोजिम १/२" धारा मिटर सहित जडान भएको ठीक साँचो हो र झुठो ठहरिएमा कानुनबमोजिम सहुँला, बुझाउँला ।

ग्राहकको सही :

मिति :

धारा/मिटर जडान गर्ने प्लम्बरको सही :

नामथर :

मिति :

चेक गर्नेको सही :

नामथर :

मिति :

| पुरानो मिटर भए सोको विवरण |
|---|
| मिटर संख्या : |
| मिटर रिडिंग : |
| मिटरको किसिम : |
| मिटरको साईज : |
| मिटर फेर्नु पर्ने कारण : |
| मिटर बुझिलिनेको दस्तखत : |

## अनुसुची ८
## चन्द्रागिरि नगरपालिकाको कार्यालय
## वागमती प्रदेश
## बलम्बु काठमाण्डौ

क्रम संख्या :

मिति ............../...../..../

मिटर जडान सम्बन्धी ग्राहकको कबुलियत फाराम

श्री वडा अध्यक्ष ज्यु
वडा नं. ..... को कार्यालय
चन्द्रागिरि नगरपालिका .................... ।

मेरो/हाम्रो निजी धारामा त्यस वडाबाट मिटर संख्या ....... रिडिङ ...... ईञ्च ....... को मिटर जडान गरेकोमा मेरो/हाम्रो मञ्जुरी छ। उक्त मिटरको पुर्ण सुरक्षाका साथ राख्नुको साथै मिटर रिडिङ अनुसार महशुल बुझाउन मेरो/हाम्रो सहमती छ। उक्त मिटरको कुनै किसिमको हानी नोक्सानी अथवा दुरूपयोग भएमा नगरपालिकाको नियम बमोजिम हर्जाना ब्यहोर्न मञ्जुरी छ। उक्त मिटरमा कुनै किसिमको गडबडी या कारणवस सिल चुँडेमा म/हामी त्यस वडाको सम्बन्धित शाखामा तुरून्त सुचना गर्नेछु/छौं। साथै मिटरको सुरक्षाको लागि नगरपालिकाको डिजाईन अनुसार मेरो/हाम्रो तर्फबाट अनिवार्य रूपमा मिटर च्याम्बर बनाउने छु/छौं।

ग्राहकको नाम थर :

ग्राहक संख्या :

एरिया नं. :

पुरा ठेगाना :

ग्राहकको दस्तखत :

मिति :

घर न. :

फोन/मोबाइल न. :

## अनुसुची ९
## धारा ठाउँसारी/मर्मत/वरपर सार्ने निवेदन

श्री वडा अध्यक्ष ज्यु

वडा नं. ....... को कार्यालय

चन्द्रागिरि नगरपालिका ................ ।

विषयः धारा ठाउँसारी/मर्मत/वरपर सार्ने बारे ।

मेरो ग्राहक संख्या ................................ एरिया नं..................... को ........................इञ्च धारामा पानी नआएको हुँदा नगरपालिकाको नियमानुसार लाग्ने महशुल तथा दस्तुर लिई ठाउँसारी/मर्मत/वरपर सारी पानी आउने व्यवस्था गरिदिनु हुन निवेदन पेश गरेको छु ।

| | |
|---|---|
| महसुल भुक्तानी भएको विवरण | निवेदक |
| ....................................................... | सही ............................ |
| सम्मको महसुल भुक्तान भएको देखिन्छ । | नामथर ......................... |
| सही ................................................ | ठेगाना ........................... |
| नामथर ............................................ | मिति ............................... |

श्री प्राविधिक

| | |
|---|---|
| नाप जाँच गरी पेश गर्ने | संलग्न नापनक्साअनुसार साविक ..... इञ्चको पाइपवाट हाल ...... इञ्च पाइपमा होलचेञ्ज गर्न स्वीकृत गरिएको छ । |
| पेश गर्ने : | स्वीकृत गर्ने : |
| मिति : | मिति : |

# अनुसुची १०

## अनुगमन फाराम

१. खानेपानी प्रणालीको नाम :
२. वडा नं. :
३. खानेपानीको स्रोतको विवरण : मुहानको नाम : सतह वा बोरिङ
४. ग्राहक संख्या :
५. मेन लाइनको कुल लम्बाई :
६. वितरण लाइनको कुल लम्बाई :
७. खानेपानी वितरणको हालको अवस्था : प्रतिघरले प्राप्त गरेको औषत पानी लिटरमा :
८. चालु आ.व.मा नयाँ धारा वितरण संख्या :
९. चालु आ.व.मा पुराना धाराको ठाउँसारी गरेको संख्या :
१०. चालु आ.व.मा धारा नामसारी गरिएको संख्या :
११. पानी परीक्षण गरिएको अन्तिम मिति : चालु आ.व.मा परीक्षण गरिएको पटकः
१२. चालु आ.व.मा पाइप लाइन मर्मत गरिएको पटक :
१३. चालु आ.व.मा गेटभल्भ मर्मत वा फेरिएको पटक :
१४. चालु आ.व.मा लाइन विस्तार गरिएको लम्बाइ : कि.मि./मि. :
१५. ग्राहकबाट मिटर सिल तोडेको छ/छैन : तोडेको भए संख्या :
१६. ग्राहकले पाइप लाइन अनधिकृत जडान वा होल चेन्ज गरेको छ/छैन : भए संख्या :
१७. खानेपानीको पाइपमा मोटर जडान गरी पानी तानेको अवस्था छ/छैन : भए संख्या : पटकः
१८. घरधुरीहरूको फोहोरपानीको व्यवस्थापनको अवस्था :
१९. खानेपानी मुहानको इन्टेंकको अवस्था :
२०. खानेपानी मुहानमा पहिरो वा अन्य कुनै क्षतिको जोखिमको अवस्था
२१. खानेपानी ट्यांकीको अवस्था : पानी चुहिने वा अन्य कुनै समस्या छ/छैन :
२२. खानेपानी मुहानको सरसफाइको अवस्था :
२३. खानेपानी मुहानको वरपर २० मिटर भित्र सेफ्टी ट्यांकी बनेको छ/छैन :
२४. खानेपानी सेवा संचालन गर्न उपसमिति र वडा समन्वय समितिले भोगेका समस्या :
२५. समस्या समाधानको लागि गरिएका पहलहरू :
२६. थप अन्य विवरण (भएमा) :

अनुगमन गर्ने पदाधिकारीहरूको :

| नामथर | दस्तखत |
|---|---|
| १. | |
| २. | |
| ३. | |
| ४. | |
| ५. | |

## अनुसुची ११
## सम्मान तथा पुरस्कारका आधार

१. सुरक्षित पानीमा पहुँच तथा प्रयोग

२. घरायसी एवं संस्थागत सरसफाइ

३. वातावरणीय सरसफाइ

४. खानेपानी तथा  सरसफाइ उन्मुख क्षेत्र चरणका सुचकहरू

- प्रयोगकर्ता-मैत्री गुणस्तरीय चर्पी निर्माण भएको,
- नेपाल गुणस्तर मापदण्ड अनुसारको पिउने पानीमा सबैको पहुँच भएको,
- छरिएका वस्तीमा मानव मलमुत्रको व्यवस्थापनको हकमा व्यवस्थित सेप्टी ट्यांकीमा जोडिएको पक्की वाटरसील चर्पी लगायत अन्य उपयुक्त प्रविधिको प्रयोग भएको
- प्रशोधन सहितको व्यवस्थित ढल निर्माण भएको,
- आकासे पानी संकलन र उपयोग गरेको,
- नदीनाला, पोखरी, ताल तलैयाको पानीको प्राकृतिक गुणस्तर कायम राखेको,

## अनुसुची १२
## व्यवसाय प्रमाणपत्रको नवीकरण

श्री ..........................................................ज्यु

चन्द्रागिरि नगरपालिका, वडा नं. ............

विषय : व्यवसाय प्रमाणपत्र नवीकरण गरिएको ।

तपाइँले यस नगरपालिका वडा नं. ..... मा ............................................... ........ नामको खानेपानी व्यवसायको नवीकरणको लागि मिति ....................... .................................. मा दर्ता भएको दर्ता नं. ..... को व्यवसाय दर्ता तथा इजाजतपत्र तथा चन्द्रागिरि नगरपालिकामा सुचीकृत भएको प्रमाण समेत राखी चन्द्रागिरि एकीकृत खानेपानी तथा सरसफाइ व्यवस्थापन ऐन, २०८० को दफा ५ को उपदफा ६ र नियमावलीको नियम १२ बमोजिम व्यवसाय नवीकरण गरिएको छ । चन्द्रागिरि एकीकृत खानेपानी तथा सरसफाइ ऐन, कार्यविधि तथा प्रचलित कानुन अनुसारको कार्य गर्ने  अपेक्षा गरिएको छ ।

नवीकरण गर्ने अधिकारी

दस्तखत :

नामथर :

पद :

मितिः

प्रमाणीकरणः २०८० साउन २६ गते

मुल्य रू. १५/-

आज्ञाले

जीवन प्रसाद आचार्य

प्रमुख प्रशासकीय अधिकृत